बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय


बुलेटिन सङ्ख्याः ५

# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक बर्षः २०८२/८३ महिनाः मंसिर प्रकाशित मितिः २०८२/०९/१०


## मुख्य झलकहरुः




*(श्रोतः DHIS २, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०९/१०)*

## महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

### १. डेंगी




*(श्रोतःDHIS २) (तथ्याङ्क लिएको मितिः २०८२/०९/१०)*

मंसिर २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लामा डेंगु ज्वरोका केसहरू केही पालिकाहरूमा मात्र देखिएका छन्। उपलब्ध तथ्याङ्कअनुसार धुलिखेल नगरपालिकामा सबैभन्दा बढी ४ वटा केस रिपोर्ट भएका छन्। त्यसपछि भुम्लु गाउँपालिकामा २ वटा केस भेटिएका छन् भने मण्डनदेउपुर नगरपालिका, बनेपा नगरपालिका र रोशी गाउँपालिकामा क्रमशः १–१ वटा केस रिपोर्ट भएका छन्। यस अवधिमा चौरीदेउराली गाउँपालिका, पाँचखाल नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, पनौती नगरपालिका, बेथानचोक गाउँपालिका, महाभारत गाउँपालिका तथा खानीखोला गाउँपालिकामा भने डेंगु ज्वरोका कुनै पनि केस रिपोर्ट भएका छैनन्। समग्रमा मंसिर महिनामा जिल्लाभित्र डेंगु ज्वरोको अवस्था सीमित पालिकामा केन्द्रित रहेको देखिन्छ।

## २. स्क्रब टाइफस

मंसिर २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लामा स्क्रब टाइफसका केसहरू सीमित पालिकाहरूमा मात्र रिपोर्ट भएका छन्। उपलब्ध तथ्याङ्कअनुसार धुलिखेल नगरपालिकामा ३ वटा केस देखिएका छन् भने मण्डनदेउपुर नगरपालिकामा २ वटा केस र भुम्लु गाउँपालिकामा १ वटा केस रिपोर्ट भएका छन्। यस अवधिमा चौरीदेउराली गाउँपालिका, बनेपा नगरपालिका, पाँचखाल नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, पनौती नगरपालिका, बेथानचोक गाउँपालिका, रोशी गाउँपालिका, महाभारत गाउँपालिका तथा खानीखोला गाउँपालिकामा भने स्क्रब टाइफसका कुनै पनि केस रिपोर्ट भएका छैनन्।

## ३. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

मंसिर २०८२ मा काभ्रेपलाञ्चोक जिल्लामा क्षयरोग (TB) का १५ वटा तथा टाइफाइड (Typhoid Fever) का १३० वटा केसहरू रिपोर्ट भएका छन्। साथै यस महिनामा दादुरा (Measles) को १ वटा केस भेटिएको छ।

### रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः कार्तिक)

| रोगको नाम | कार्तिक, २०८२ (अघिल्लो महिनामा) | मंसिर , २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | ० | ० | ० |
| डेङ्गी | ३५ | ९ | २६ ■ |
| Acute Gastroenteritis | २९९ | २६१ | ३८ ■ |
| SARI (Severe Acute Respiratory Illness) | ४ | ७ | ३ ■ |
| ILI (Influenza Like Illness) | २१९ | ३११ | ९२ ■ |
| स्क्रब टाइफस | १० | ६ | ४ ■ |

*(श्रोतः DHIS २, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०९/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरुः

Acute Gastroenteritis (AGE))

- SARI सम्बन्धी श्वासप्रश्वासका लक्षण भएका बिरामीको स्वास्थ्य संस्थामा नियमित निगरानी र रिपोर्टिङ प्रणाली सुदृढ गरिएको।
- ज्वरो, खोकी, सास फेर्न गाह्रो हुने बिरामीको समयमै पहिचान, परीक्षण तथा आवश्यक उपचार व्यवस्था गरिएको।
- गम्भीर अवस्थामा रहेका बिरामीलाई आइसोलेसनमा राखी अक्सिजन थेरापी, औषधि तथा रेफरल सेवा उपलब्ध गराइएको।
- स्वास्थ्य संस्थामा संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) का मापदण्डहरू कडाइका साथ लागू गरिएको।
- मास्कको प्रयोग, हात धुने बानी र श्वासप्रश्वास स्वच्छताबारे समुदायस्तरमा जनचेतना अभिवृद्धि गरिएको।
- जोखिम समूह (वृद्ध, दीर्घरोगी, बालबालिका) को विशेष निगरानी र समयमै उपचार सुनिश्चित गरिएको।

## आभार

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।